Jesus Blood

# येशूको रगत

## परिचय

येशूको रगत ! हामी यस बारेमा कुरा गर्छौं । यस बारेमा हामी गीत गाउँछौं । हाम्रो निश्चयताको निम्ति प्रार्थनामा यी शब्दहरूलाई चलाउँदछौं । तर हाम्रो इसाइ विश्वासमा यो बहुमूल्य शब्दको यस्तो महत्वपूर्ण स्थान किन रहेको छ के हामीले साँच्चै बुझेका छौं ?

## हाम्रो अध्ययन

म सँग प्राचीन मिश्रको एक दृष्य कल्पना गर्नुहोस् । जब घोर अन्धकार भयो, इस्राएली पुरुषहरू उनीहरूको घर अघि उभिएका थिए । उनीहरू काम चलाउन बनाइएका ब्रुसहरूले गोप्यसाथ ढोकाको चौकोसहरूमा क्रूसको आकार बनाई रगतले पोत्छन् ।

रगत निष्खोट थुमा (पाठो) को हो र मानिसहरू परमेश्वरले दिनुभएको ठीक निर्देशनलाई पालन गरिरहेका छन्। अब उनीहरूको काम समाप्त हुन्छ । उनीहरू परमेश्वरले प्रतिज्ञा गर्नुभएको उत्तरको निम्ति पर्खन आफ्नो घरभित्र एकान्तमा पर्खन्छन् ।

**धर्मशास्त्रः प्रस्थान १२:१२-१३ "त्यस रात म (परमेश्वर) मिश्र भएर जानेछु र मिश्रका मानिस र पशु दुवैका पहिले जन्मेकाहरूलाई मार्नेछु र मिश्रका सबै देवताहरूका विरुद्धमा म इन्साफ गर्नेछु। म परमप्रभु हुँ। तिमीहरू बसेका घरहरूमा त्यो रगत तिमीहरूका निम्ति चिन्ह हुनेछ। जब म त्यो रगत देख्नेछु, तब तिमीहरूलाई चाहिँ छोडिदिनेछु र मैले मिश्रलाई प्रहार गर्दा नाश गर्ने कुनै विपत्तिले तिमीहरूलाई छुनेछैन ।"**

१. परमेश्वरले मिश्रीहरूलाई 'के गर्छु' भन्नुभयो ?

..............................................................

२. उहाँले इस्राएलीहरूको निम्ति के गर्नुहुनेछ ?

..............................................................

त्यसरात परमेश्वरले उहाँका मानिसहरूलाई ४०० वर्ष पछिको दासत्वबाट स्वतन्त्र गर्दै हुनुहुन्थ्यो । सबै कुराहरू परमेश्वरले भनेजस्तै गरी भएको थियो र आज पनि यहूदी धर्मावलम्बीहरू निस्तार चाड मनाउने गर्दछन्, हुन त मानिसहरूले चाड मनाउनको सबै कारण राम्ररी बुझ्दैनन् ।

त्यसरात एउटा निष्खोट पाठो (थुमा) को रगतले इस्राएलीहरूलाई सुरक्षित राखेर उनीहरूको स्वतन्त्रताको निम्ति मोल चुकाएको थियो ।

आज, अझ सिद्ध र निष्खोट थुमाको रगतले हाम्रो स्वतन्त्रताको निम्ति मूल्य चुकाएको छ ।

## हामीहरूलाई रगतको खाँचो किन पर्दछ ?

हामीहरूले जतिसुकै प्रयास गरेता पनि हामीहरू पापी हौं भन्ने सत्यताबाट हामी उम्कन सक्दैनौं ।

**धर्मशास्त्रः रोमी ३:२३ "किनकि सबैले पाप गरेका छन् र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन् ।"**

३. यस पदअनुसार कसले पाप गरेको छ ?

..............................................................

सबैले, प्रत्येकले लोग्नेमानिस, स्वास्नीमानिस र बालबालीकाहरू -यस पृथ्वीमा जन्मेका सबै नै पापी जन्मेका छन् । कतिपय मानिसहरू अरूभन्दा अझ धेरै पापी छन् भन्ने कुरा स्वीकार गर्नुपर्छ । तर पनि...

४. यही पदले हामीलाई के बताउँदछ ?

..............................................................

सबै परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन् । हामीहरू पापको स्वभाव लिएर जन्मेको कारण यसले हामीहरूलाई पाप गर्न उन्मुख गराउँछ । तपाईंलाई इच्छा लाग्छ भने त्यो पापको स्वभावलाई एउटा खराब गुणजस्तै सोच्नुहोस्, जो वंशदेखि वंशसम्म सर्दै आएको छ ।

तपाईं देख्नुहुन्छ, परमेश्वरले हामीलाई जतिसुकै प्रेम गर्नुभएता पनि, किनभने उहाँ पवित्र र धार्मिक भएकाले हाम्रो पापको उपस्थितिमा खडा रहन सक्नुहुन्न । यसरी हाम्रो पापले एक असम्भवको खाल्डो-परमेश्वर र हामीबीच ल्याएको छ । यसको अर्थ, के सबै गुमेको हो त ? यदि यो हामीबाट हुनु हो भने यसको अर्थ साच्चै त्यही नै हुने थियो । तर परमेश्वरले उहाँको दयामा हाम्रो निम्ति एक मार्गको योजना बनाउनुभएको छ । हामीहरूले त्यस खाल्डोमा पुल हाल्नसक्ने थिएनौं, त्यसैले उहाँ आँफैले उहाँको पुत्रद्वारा यो काम गर्नुभएको छ ।

**धर्मशास्त्रः यूहन्ना ३:१६-१७ "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्नो एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँद्वारा बाँचोस् भनेर पठाउनुभयो ।"**

५. परमेश्वरले के गर्नुभयो ?

.................................................................

६. यो उहाँले किन गर्नुभयो ?

.................................................................

७. येशूको आगमनले हामीलाई के दिन्छ ?

.................................................................

यसले परमेश्वरसँगको हाम्रो सँगतिलाई पुनः कायम गरिदिएको छ ।

८. एउटा आवश्यकता चाहिँ के हो ?

.................................................................

येशूको आगमनले यो रिक्त स्थान जसले धर्मी परमेश्वर र अधर्मी मानिसहरूलाई अलग गरेको थियो, त्यसमा पुल हाल्ने काम गऱ्यो । येशूले हामीले गर्न नसक्ने कुरा गर्नुभयो । उहाँले यो कसरी गर्नुभयो ?

**धर्मशास्त्रः रोमी ५:९ "उहाँको रगतद्वारा धर्मी ठहरिएका हुनाले...।"**

९. येशूले के गर्नुभयो ?

.................................................................

एम्प्लिफइड बाइबलले धार्मिकतालाई दोषमुक्त, धार्मिक घोषणा गरेर र परमेश्वरमा ठीक प्रकारले खडा रहने भनी वर्णन गरेको छ । अरू अध्ययनहरूमा धर्मी ठहराउनु भनेको परमेश्वरले हामीलाई उहाँको सबै धार्मिकता दिनुजस्तै हो भनेर हेऱ्यौं ।

**धर्मशास्त्रः एफिसी २:१३ "तर तिमीहरू, जो त्यस बेला ख्रीष्ट येशूबाट टाढा थियौ, अब, ख्रीष्टको रगतले नजिक भएका छौ ।"**

१०. येशूले के गर्नुभयो ?

.................................................................

**धर्मशास्त्रः हिब्रू १०:१९-२२ "यसकारण भाइ हो, येशूको रगतद्वारा महा-पवित्रस्थानमा प्रवेश गर्न साहस हामीलाई हुन्छ। हाम्रा निम्ति एउटा नयाँ र जीवित मार्ग उहाँले खोलिदिनुभयो, जसको कारण पर्दाद्वारा अर्थात उहाँको शरीरद्वारा भएर हामी भित्र पस्न सक्छौं । परमेश्वरको घरानामा हाम्रा एकजना महान् पुजारी हुनुभएको हुनाले हाम्रो हृदय खराब विवेकबाट छर्कोद्वारा चोख्याइएर र शुद्ध पानीले हाम्रो शरीरलाई धोएर साँचो हृदयले विश्वासको सम्पूर्ण भरोसामा हामी परमेश्वरको समीप जाऔं ।"**

११. येशूको रगतले हामीलाई के गर्न निश्चयता दिन्छ ?

.................................................................

येशूको मृत्युले हामीलाई परमेश्वरको नजिक लैजाने मात्र होइन, तर पवित्र-स्थान जहाँ परमेश्वर बास गर्नुहुन्छ, त्यहाँसम्म लैजान्छ ।

१२. हामी परमेश्वरको नजिक कसरी जानुपर्छ ?

.................................................................

येशू किन मर्नुभयो भनेर तपाईं आश्चर्यचकित हुनुभएको होला । परमेश्वरले हामीलाई किन त्यसै क्षमा गर्न सक्नुभएन ? यस प्रश्नको उत्तर हामी हिब्रूको पुस्तकमा पाउँदछौं ।

**धर्मशास्त्रः हिब्रू ९:२२ "रगत नबगाइकन पापको क्षमा हुन सक्दैन ।"**

१३. क्षमा पाउन के आवश्यक छ ?

.................................................................

हो, हामीले क्षमा पाउनुअघि कोही हाम्रो निम्ति मर्नु आवश्यक थियो । कोही पापरहित । येशू क्रूसमा मर्नुभएको कारण हाम्रो क्षमाको निम्ति उहाँले दाम तिर्नुभयो ।

यसबारे बाइबलले विभिन्न प्रकारको वर्णन र बिस्तार गर्दछ ।

**धर्मशास्त्रः १ यूहन्ना २:२ (एम्प्लिफाइड बाइबल) "उहाँ हाम्रा पापका निम्ति प्रायश्चित हुनुहुन्छ र हाम्रो निम्ति मात्र होइन, तर सारा संसारका पापका निम्ति पनि ।"**

१४. यस पदले येशूले कुन दुईओटा कुराहरू गर्नुभएको बताउँदछ ?

.................................................................

(एम्प्लिफइड बाइबलबाट) शब्द "प्रपिशिएशन"- रिझाउने र प्रायश्चित गर्ने काम र बलिदान (एटोनिङ स्याक्रिफाइस) सम्बन्धित छन् । "रिझाउने काम" मोल तिरेको हो, जसको कारणले ख्रीष्टमा विश्वास गर्नेहरूको निम्ति परमेश्वरको क्रोधलाई हटाएको छ । त्यस्तै प्रायश्चित बलिदान र प्रायश्चितमा येशूले पापीहरूलाई परमेश्वरसँगको ठीक सम्बन्धमा ल्याउने बारेमा बताउँदछ ।

**येशूको रगतले हाम्रो निम्ति अरू के गरिदिएको छ ?**

येशूले आफ्नो रगत क्रुसमा बगाई हाम्रो निम्ति जे गर्नुभयो, त्यसको सानो भाग मात्र हामीले अहिलेसम्म हेर्‍यौं । उहाँको बलिदानको बारेमा धर्मशास्त्रले हामीलाई अरू के बताउँछ हेरौं ।

**धर्मशास्त्रः एफिसी १:७-१० "उहाँको अपार अनुग्रहअनुसार ख्रीष्टको रगतद्वारा हामी उहाँमा उद्धार, हाम्रा पापको क्षमा पाउँछौं, जुन अनुग्रह उहाँले हामीलाई प्रशस्त मात्रामा दिनुभयो किनकि सम्पूर्ण बुद्धि र आन्तरिक समझमा ख्रीष्टमा राख्नुभएको उद्देश्यअनुसार उहाँले आफ्नो इच्छाको रहस्य हामीलाई जान्न दिनुभएको छ ताकि समय पूरा भएपछि स्वर्ग र पृथ्वीमा भएका सबैथोकहरू ख्रीष्टको अधीनमा आऊन् ।"**

१५. येशू ख्रीष्टले हाम्रा निम्ति रगत बगाएर अरू के गर्नुभयो ?

..................................................................

जब हामी केही कुरालाई छुटकारा दिन्छौ, हामी त्यसलाई फेरि किन्दछौं । जब आदम र हव्वाले अदनको बगैंचामा पाप गरे, उनीहरू आफैं र उनीहरूपछि आउने सबैलाई उनीहरूले शैतानलाई बेचेका थिए । येशूले आफ्नो रगत बगाएर त्यस कार्यलाई रद्द गर्नुभयो र शैतानबाट फेरि हामीलाई किन्नुभयो ।

१६. कुन रहस्यलाई परमेश्वरले खोलिदिनुभएको छ ?

..................................................................

प्रेरित पावलसँग कलस्सीको पुस्तकमा यसबारे अझ धेरै बताउने कुराहरू छन् ।

**धर्मशास्त्रः कलस्सी १:१९-२० "किनकि उहाँको आफ्नो सारा पूर्णता ख्रीष्टमा वास गरेकोमा परमेश्वर प्रसन्न हुनुभयो र परमेश्वरले उहाँको क्रुसको रगतद्वारा शान्ति गराएर पृथ्वीको होस् वा स्वर्गको होस् उहाँद्वारा नै सबै थोकलाई आफूसँग मिलापमा ल्याउनुभयो ।"**

१६. परमेश्वरले सबै कुरा आफूसँग मिलाप गराउन कस्तो योजना बनाउनुभयो ?

..................................................................

**धर्मशास्त्रः हिब्रू ९:१४ "ख्रीष्टको रगतले त झन् कति बढी गरी तिमीहरूका विवेकलाई मरेका कामहरूबाट शुद्ध पार्नेछ ताकि तिमीहरू जीवित परमेश्वरको सेवा गर्न सक किनकि उहाँले अनन्त आत्माद्वारा आफैंलाई निष्खोट बलिको रूपमा परमेश्वरलाई अर्पण गर्नुभयो ।"**

धर्मशास्त्रको यस खण्डमा हिब्रूको लेखकले बोका र साढेको रगत र येशूको रगतको प्रभावकारिताका भिन्नता उल्लेख गरेका छन् ।

१८. ख्रीष्टको रगतले के गर्न सक्दछ ?

..................................................................

१९. यसले हामीलाई के गर्नको निम्ति योग्यको तुल्याउँछ ?

..................................................................

**धर्मशास्त्रः हिब्रू १३:१२ "यसकारण येशूले पनि उहाँको आफ्नै रगतद्वारा मानिसहरूलाई पवित्र गराउन ढोका बाहिर कष्ट भोग्नुभयो ।"**

२०. येशू हाम्रो निम्ति मर्नुभएको अर्को कारण के हो ?

..................................................................

**धर्मशास्त्रः प्रकाश ५:९-१० "...तपाईं मारिनुभयो र आफ्नो रगतद्वारा तपाईंले परमेश्वरको निम्ति हरेक कुल, भाषा, मानिस र जातिबाट मानिसहरूलाई छुटकारा दिनुभयो र तिनीहरूलाई राज्य र हाम्रा परमेश्वरका पुजारी बनाउनुभएको छ र तिनीहरूले पृथ्वीमा राज्य गर्नेछन् ।"**

२१. येशूले आफ्नो रगतद्वारा के किन्नुभयो ?

..................................................................

२२. उहाँले हामीलाई के हुनलाई बनाउनुभयो ?

..................................................................

बाइबलको केही अनुवादले यस अन्तिम खण्डलाई "पुजारीको राज्य" भनेका छन् । त्यही कुरालाई पावलले अलि भिन्न प्रकारले भनेका छन् ।

**धर्मशास्त्रः प्रेरित २०:२८ "उहाँले आफ्नै रगतले किन्नुभएको परमेश्वरको मण्डलीको हेरचाह तपाईंहरू गर्नुहोस् ।"**

२३. येशूले आफ्नो रगतद्वारा के किन्नुभयो भनी पावल भन्दछन् ?

..................................................................

येशूले रगत बगाउनुहुँदा अर्को एउटा महत्वपूर्ण काम हाम्रो निम्ति गर्नुभयो ।

**धर्मशास्त्रः हिब्रू १३:२०-२१ "...शान्तिका परमेश्वरले तिमीहरूलाई हरेक असल गुणले सिद्ध पारुन् र तिमीहरूले उहाँको इच्छा पूरा गर्न सक । जे परमेश्वरलाई मनपर्दो छ, येशू ख्रीष्टद्वारा उहाँले तिमीहरूमा गरुन्...।"**

२४. पावलको प्रार्थना के थियो ?

..............................................................

## येशूको रगतले हाम्रो निम्ति आज के गर्दछ ?

येशूको रगतले आज पनि हाम्रो भलाईको निम्ति काम गरिरहेको छ। "यूआरिष्ट" मा हाम्रो प्रभुभोज सेवामा जो उहाँको मृत्युभन्दा केहीअघि मात्र उहाँले प्रारम्भ गर्नुभएको थियो, आज पनि येशूको रगतले हामीहरूलाई जीवन दिईरहेको छ।

**धर्मशास्त्रः लूका २२:१९-२० "अनि उहाँले रोटी लिनुभयो र धन्यवाद चढाउनुभएपछि त्यो भाच्नुभयो र तिनीहरूलाई यसो भन्दै दिनुभयो, 'तिमीहरूका निम्ति दिइएको यो मेरो शरीर हो। मेरो सम्झनामा यो गर्ने गर।' यसैगरी खाइसक्नुभएपछि उहाँले कचौरा लिनुभयो र भन्नुभयो, 'यो कचौरा तिमीहरूका निम्ति बगाइएको मेरो रगतमा स्थापित गरिने नयाँ करार हो।'"**

२५. येशूले दाखरसको कचौरालाई के भन्नुभएको थियो ?

..............................................................

धर्मशास्त्रः १ कोरिन्थी ११:२६ "किनभने जहिले-जहिले तिमीहरू यो रोटी खान्छौ र यसै कचौराबाट पिउँछौ, उहाँ नआउञ्जेल तिमीहरू प्रभुको मृत्युको घोषणा गर्दछौ।"

२६. प्रभुभोज लिँदा हामीहरू के गरिरहेका हुन्छौं ?

..............................................................

(प्रभुभोज) "यूखारिष्ट" अयोग्य साथ लिने सम्बन्धमा पावलले कडा चेतावनी दिएका छन्।

**धर्मशास्त्रः १ कोरिन्थी ११:२९-३०- "किनकि प्रभुको शरीर लाई नचिनिकन जसले खान्छ र पिउँछ, त्यसले त्यो खाएको र पिएको कारणले आफूमाथि दण्ड ल्याउनेछ। यसैकारण तिमीहरूमध्ये धेरैजना दुर्बल र रोगी छौ र कति जनाचाहिँ मरिसकेका छन्।"**

२८. परिणाम के हुन सक्दछ ?

..............................................................

**धर्मशास्त्रः १ कोरिन्थी ११:२८- "हरेक मानिसले आफूलाई जाँचोस्, अनि मात्र त्यसले रोटी खाओस् र कचौराबाट पिओस्।"**

२९. प्रभुभोज लिनुभन्दा अघि हामीहरूले के गर्नुपर्दछ ?

..............................................................

यी शब्दहरू गम्भीर छन्। येशूले आफ्नो रगत बगाउनु भएर हाम्रो निम्ति गर्नुभएको बलिदान परमेश्वरले आदरपूर्वक हेर्नुभएको कुरा यसले बताउँदछ। हो, हामीहरूले प्रभुभोज लिनुभन्दा अघि परमेश्वरलाई मन नपर्ने हाम्रो मनमा भएको कुनै पनि कुरा देखाइदिन र उहाँसँग क्षमा माग्नु पर्दछ।

इसाई विश्वासमा येशूको रगतले किन यस्तो महत्वपूर्ण स्थान लिएको छ भनी बुझ्न केही गाह्रो छैन। यसले के गरेको थियो र आज पनि गरिरहेको छ त्यसबारे हामीले सधैं सम्झना गरिरहनुपर्दछ।

## उत्तरहरू

१. पहिला जन्मेकाहरू सबैलाई प्रहार गरी मिश्रमा देवताहरूमाथि न्याय ल्याउने, २. जुन घरहरूमा रगत पोतिएको छ, त्यसलाई छोडेर रुढीबाट उनीहरूलाई प्रहार गर्ने, ३. सबै, ४. सबै परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्, ५. उहाँले आफ्नो पुत्र संसारमा पठाउनुभयो, ६. किनभने उहाँले संसारलाई प्रेम गर्नुभयो, ७. अनन्त जीवन, ८. पुत्रमाथि विश्वास गर्नु, ९. उहाँको रगतद्वारा धर्मी ठहराउनुभयो, १०. परमेश्वरको नजिक ल्याउनुभयो, ११. महा पवित्र-स्थानमा प्रवेश गर्न, १२. इमान्दार हृदयले विश्वासको निश्चयतामा, १३. रगत बगाएर, १४. रिझाउने काम र प्रायश्चितद्वारा, १५. उद्धार पापको क्षमादान, १६. सबै स्वर्ग र पृथ्वीका कुराहरू ख्रीष्टको अधीनमा ल्याउने परमेश्वरको योजना, १७. येशूको रगत बगाइद्वारा शान्ति, १८. मृत्युमा पुऱ्याउने कार्यबाट हाम्रो विवेकलाई शुद्ध पार्ने, १९. जीवित परमेश्वरको सेवा गर्ने, २०. उहाँको आफ्नै रगतले हामीलाई शुद्ध पार्ने, २१. सबै राष्ट्र, भाषा, जातिबाट परमेश्वरको निम्ति मानिसहरू, २२. हाम्रो परमेश्वरको सेवा गर्नलाई एक राज्य र पुजारी, २३. परमेश्वरको मण्डली, २४. शान्तिका परमेश्वरले तिमीलाई एक असल गुणले सिद्ध पारुन् र तिमीहरूले उहाँको इच्छा पूरा गर्न सक, जे परमेश्वरलाई मनपर्दो छ, येशू ख्रीष्टद्वारा उहाँले तिमीहरूमा गरुन्, २५. उहाँको रगतमा भएको नयाँ करार, २६. उहाँ नआउञ्जेलसम्म उहाँको मृत्युको घोषणा गर, २७. पिउनेले आफैंमा न्याय ल्याउँछ, २८. हामी दुर्बल, रोगी र मर्न पनि सक्छौ, २९. आफैंलाई जाँच गरोस्।

All rights reserved.
Translated & Printed by: Aglow International-Nepal
c/o P.O. Box 3358, Kathmandu, Nepal